# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

आठौँ अधिवेशन

चौबिसौँ बैठक

**दैनिक कार्यसूची**

**मिति २०८२ भदौ ३ गते, मंगलबार, दिनको १:०० बजे**

**शुन्य समय**

१. शुन्य समयमा बोल्न चाहने माननीय सदस्यहरुलाई समय उपलब्ध गराउने।

**पूर्व मुख्यमन्त्री तथा दलको नेताबाट सभालाई सम्बोधन**

२. पूर्व मुख्यमन्त्री तथा दलको नेता माननीय श्री खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुहुने।

**शुन्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ**

३. माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापाले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका प्रश्नहरुको जवाफ दिनुहुने।

**व्यवस्थापन कार्य**

४. माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले अर्थ तथा विकास समितिको प्रतिवेदन सहित "गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" माथि दफावार छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुहुने।
उक्त विधेयक माथि दफावार छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुने।

५. माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापाले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहित "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुहुने।
उक्त विधेयक माथि दफावार छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुने।

**समितिको प्रतिवेदन पेस**

६. सामाजिक विकास तथा कृषि समितिका माननीय सभापति श्री दमयन्ती रुचालले "गण्डकी प्रदेशमा विद्युत विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धी समितिको प्रतिवेदन पेस गर्नुहुने।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव